सौंगुरीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
भेडेटार, धनकुटा
१ न. प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति: २०७७/०३/२२

प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने बारे

## सार्वजनिक सूचना

प्रस्तावकको नामः सौंगुरीगढी गाउँपालिका

प्रस्तावको नामः सौंगुरीगढी गाउँपालिका क्षेत्र भित्रको तमोर नदी, लेउतीखोला, रगुवाखोला र कम्मुवा खोलाको विभिन्न खण्डबाट ढुंगा, गिट्टी, बालुवा, मिस्कट आदि नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन।

प्रस्तावको व्यहोराः वातावरण संरक्षण नियमावली, २०५४, अनुसूची-१ को (इ) खानी क्षेत्र शीर्षकको विषय न.-५ बमोजिम धनकुटा जिल्ला, सौंगुरीगढी गाउँपालिका क्षेत्रको तमोर नदी, लेउतीखोला, रगुवाखोला र कम्मुवा खोलाको विभिन्न खण्डबाट ढुंगा, गिट्टी, बालुवा, मिस्कट आदि नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्ने प्रयोजनका लागि प्रस्ताव कार्यान्यवनका लागि गरिने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन गर्ने सिलसिलामा निम्न भौतिक, जैविक, रसायनिक, आर्थिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित राय सुझाव बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनु पर्ने भएकोले सोही नियमावलीको नियम-४ अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। ढुंगा, गिट्टी, बालुवा, मिस्कट आदि नदी जन्य पदार्थहरु उत्खनन तथा संकलन हुने परिमाण तथा प्रभाव पर्ने सक्ने साविक वार्डहरु निम्नानुसार पर्दछन्।

| सि. न. | उत्खनन तथा संकलन हुने नदीको नाम | वार्ड न. |
|---|---|---|
| १. | तमोर नदी | सौंगुरीगाढी गाउँपालिका -१,२,३,७ र ८ |
| २. | कम्मुवा खोला | सौंगुरीगाढी गाउँपालिका -२ र ३ |
| ३. | लेउती खोला | सौंगुरीगाढी गाउँपालिका -१, ४ र ७ |
| ४. | रगुवा खोला | सौंगुरीगाढी गाउँपालिका -३ र चौबिसे गाउँपालिका सिमाना |


राय सुझाव पठाउने ठेगाना
प्रस्तावकको नाम र ठेगाना
सौंगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय,
भेडेटार, धनकुटा
०२६-४०००६८

परामर्शदाताको नाम र ठेगाना
ए.एन.एम कन्सल्टेन्टस प्रा.लि., ललितपुर,
टेलिफोन नः ९८५१२४००७०

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत